मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल
(प्रशासन शाखा)

पत्र संख्याः२०८३।०८४ मितिः २०८३।०५।१७

च.नं.: ६६२

मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधाम, धनुषा, नेपाल

**विषयः स्वीकृत मापदण्ड बमोजिम अन्तर स्थानीय तह सरुवा निवेदन पेश गर्ने सम्बन्धमा।**

**श्री स्थानीय तह (सबै)**
**श्री स्थानीय तहका कर्मचारीहरु (सबै)**
**मधेश प्रदेश।**

मधेश प्रदेशका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको अन्तर स्थानीय तह सरुवा प्रक्रियालाई निष्पक्ष, पारदर्शी, अनुमानयोग्य र थप व्यवस्थित बनाउन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २५ को उपदफा (१०) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३/०५/१६ मा स्वीकृत **"स्थानीय तहका कर्मचारीहरुको सरुवा सम्बन्धी मापदण्ड, २०८३"** मन्त्रालयको वेबसाइट www.ocmcm.madhesh.gov.np मा प्रकाशन गरिएको र डाउनलोड गरी हेर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

तसर्थ, स्वीकृत मापदण्डको परिच्छेद-३ को दफा ६ बमोजिम भाद्र महिनाको सरुवा तालिका अनुसार अन्तर स्थानीय तह सरुवा हुन इच्छुक योग्यता पुगेका स्थानीय सेवाका स्थायी कर्मचारीहरूले यो सूचना प्रकाशित भएको मितिले ७ **(सात) दिन भित्र (मिति २०८३/०५/२४ गते कार्यालय समयसम्म)** देहायका विषय अध्ययन गरी निवेदन पेश गर्नुहुन यो सूचना मार्फत आव्हान गरिन्छ।

१. **निवेदनको ढाँचाः** सरुवा हुन चाहने कर्मचारीले मापदण्डको अनुसूची-१ बमोजिमको ढाँचामा स्पष्ट विवरण खुलाई निवेदन तयार गरी मन्त्रालयमा दर्ता गराउनु पर्नेछ।
२. **सहमति पत्रः** सरुवा हुन चाहेको सम्बन्धित स्थानीय तहको अनुसूची-२ बमोजिमको सहमति पत्र (जसमा रिक्त पद, दरबन्दी र तह प्रष्ट खुलेको) अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।
३. **PIS अद्यावधिकः** निवेदन पेश गर्नु पूर्व प्रदेश निजामती किताबखानाको व्यक्तिगत सूचना प्रणाली (PIS) मा आफ्नो हाल कार्यरत कार्यालय, पद, श्रेणी/तह र समायोजन सम्बन्धी विवरण अनिवार्य रूपमा अद्यावधिक भएको हुनुपर्नेछ।
४. **प्राथमिकताका कागजातः** अपाङ्गता, दीर्घ रोग, पति-पत्नी दुवै सरकारी सेवामा रहेको, गर्भवती वा दुई वर्ष मुनिका बालबालिका भएका कर्मचारीको हकमा सो सम्बन्धी पुष्ट्याई गर्ने आधिकारिक प्रमाण पत्रहरू संलग्न गर्नुपर्नेछ।
५. **न्यूनतम सेवा अवधिः** प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई शुरु पदस्थापन भएका र ऐनले तोकेको

   न्यूनतम सेवा अवधि पूरा नभएका कर्मचारीको हकमा सरुवा प्रक्रिया अगाडि बढाइने छैन।

तोकिएको म्याद नाघी आएका, रीत नपुगेका वा आवश्यक कागजात संलग्न नभएका निवेदनहरू उपर कुनै कारबाही नगरिने व्यहोरा अनुरोध छ।

विद्या तामाङ
शाखा अधिकृत


email: cm.p2.gov.np@gmail.com /ocmcm@p2.gov.np